जिल्ला समन्वय समितिको कार्यालय
धनकुटा
२०७३

# सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिम सार्वजनिक गरिएको विवरण

## २०७६ साल पौष मसान्तसम्म सम्पादित क्रियाकलाप विवरण

## जिल्ला समन्वय समितिको कार्यालय, धनकुटा

(सूचना अधिकारी)

**जिल्ला समन्वय समितिको परिचयः**

नेपालको संविधान (२०७२) को धारा २२० मा व्यवस्था भए वमोजिम र स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार अनुसार जिल्ला समन्वय समिति तथा जिल्ला सभा गठन भइ सञ्चालनमा रहेको छ।

**१. जिल्ला सभा र जिल्ला समन्वय समिति (नेपालको संविधान धारा २२० वमोजिम)**

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरु बिच समन्वय गर्न एक जिल्ला सभा रहने,
- जिल्ला सभामा गाउँ पालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख सदस्य रहने,
- जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तिमा ३ जना महिला र १ जना दलित वा अल्पसंख्यक सहित बढीमा ९ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने,
- सम्वन्धित जिल्ला भित्रको गाउँ सभा र नगर सभाको सदस्य जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको उमेद्वार हुने

**२. जिल्ला सभाको काम कर्तव्य र अधिकार**

- जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्ने सोको अनुगमन गर्ने,
- जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने,

**३. स्थानीय सरकार सञ्चालन ऐन अनुसार जिल्ला सभा र जिल्ला समन्वय समितिका काम, कर्तव्य र अधिकार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ अनुसार प्रदेश कानुनले अन्यथा ब्यवस्था नगरेसम्मको लागि नेपालको संविधानको धारा २२० को उपधारा (७) मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला सभाको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाबीचको विकास निर्माणका विषय पहिचान गर्न तथा ब्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

ख) जिल्लाभित्रका सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माणसम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा ब्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत वा पर्यावरणिय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,

ग) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासका लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,

घ) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच समन्वय गर्ने,

ङ) जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच कुनै विवाद उत्पन्न भएमा सो को समाधानका लागि समन्वय तथा सहजिकरण गर्ने,

च) जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद ब्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

(सुचना अधिकारी)

छ) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैर सरकारी संघ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

ज) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धीत गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने,

झ) आफ्नो काम कारवाहीको सम्वन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,

ञ) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी वनाउनको लागि वर्षको कम्तिमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्त्व गर्ने संसद-सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,

ट) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

**जिल्ला समन्वय समितिको पदाधिकारी विवरण:**

- जि.स.स. प्रमुखजना १ -
- जि.स.स. उपप्रमुखजना १ -
- जि.स.स. सदस्यहरुजना ७ -
- जम्मा जि.स.स. पदाधिकारी संख्याजना ९ -

**जिल्ला समन्वय समितिको कार्यालय, धनकुटाको दरबन्दी विवरण:**

| क्र.सं. | पद | श्रेणी | सेवा | समुह | दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | १ | |
| २ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | १ | |
| ३ | इन्जिनियर | रा.प.तृतीय | इन्जि. | सिभिल | १ | |
| ४ | नायव सुव्वा | रा.प.अन.प्रथम | प्रशासन | सा.प्र. | १ | |
| ५ | लेखा सहायक | रा.प.अन.प्रथम | प्रशासन | लेखा | १ | |
| ६ | सव इन्जिनियर | रा.प.अन.प्रथम | इन्जि. | सिभिल | १ | |
| ७ | खरिदार | रा.प.अन.द्वितीय | प्रशासन | सा.प्र. | १ | |
| ८ | कार्यालय सहयोगी | श्रेणीविहिन | | | ३ | |
| ९ | ह.स.चा. | श्रेणीविहिन | | | ३ | |
| जम्मा | | | | | १३ | |
| १० | नायव सुव्वा | रा.प.अन.प्रथम | | | १ | करार (प्रमुखज्यूको निजी सचिवालयमा) |

(सुचना अधिकारी)

## ऐन, नियम र निर्देशिकाहरुको विवरण:

नेपालको संविधानको अतिरिक्त हाल सम्म जिल्ला सभा तथा जिल्ला समन्वय समितिलाई देहाय बमोजिम ऐन नियम र निर्देशिकाहरुले निर्देशित गरेको छ ।

- क) स्थानीय सरकार सञ्चालन ऐन२०७४,
- ख) जिल्ला सभा ऐन२०७५ ,
- ग) जिल्ला सभा सञ्चालन २०७५ ,ऐन (कार्यविधि)
- घ) जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्वन्धी ऐन२०७५ ,

उपरोक्त ऐन नियमका अतिरिक्त संघीय सरकार एवं प्रदेश सरकारद्वारा जारी भएका ऐन नियमहरु कार्यान्वयन गर्नु यस कार्यालयको दायित्त्व रहेको छ ।

## आम्दानी, खर्च तथा तथा आर्थिक कारोवार सम्बन्धि विवरण:

यस कार्यालयलाई संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त देहाय बमोजिम बजेट प्राप्त भइ खर्च रहेको छ ।

### संघीय सरकारबाट प्राप्त बजेटको खर्च विवरण:

| क्र.सं. | खर्च शीर्षक | रकम | रकम | पौष मसान्तसम्मको खर्च |
|---|---|---|---|---|
| १ | कर्मचारी तलव भत्ता, पदाधिकारीहरुको पारिश्रमिक बैठक भत्ता समेत | | ९२१५०००\|०० | ३५५८९२३\|०० |
| २ | कार्यक्रम खर्च समीक्षा बैठक सहित | | ४५००००\|०० | ००\|०० |
| ३ | अनुगमन तथा भ्रमण खर्च | | ८८५०००\|०० | १४३६६०\|०० |
| ४ | करार सेवा निजी सचिवालय | | ४२६०००\|०० | २१४९८०\|०० |
| ५ | अनिवार्य दायित्त्व सहितका कार्यालय सञ्चालन खर्च | | २४०८०००\|०० | ५१५६८७\|०० |
| जम्मा | | २४०८००० | १३३८४०००\|०० | ४४३३२५०\|०० |

## अन्य आन्तरिक आम्दानी विवरण:

मूलघाटको आँप बगैचा ठेक्काबाट रु २०००००।- आम्दानी

(सूचना अधिकारी)